राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ पुष १६ गते

## हवाई मार्गबाट न्यानो ओढ्ने ओछ्याउने लत्ताकपडा तत्काल उपलब्ध गराउन नेपाल सरकारलाई आग्रह

भूकम्प पीडितको मानव अधिकारका बारेमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ । आयोगको टोलीले हालै सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवा, मकवानपुर, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका भूकम्प पीडितको अवस्थाको बारेमा अनुगमन गरेको छ ।

चिसोका कारणबाट सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक र रामेछापमा उलेख्य संख्यामा भूकम्प पीडितहरुको मृत्यु भएको र यो क्रम बढ्दै जाने अवस्थामा रहेको अनुगमन तथा भूकम्प अति प्रभावित जिल्लामा स्थापित मानव अधिकार घुम्ती शिविरबाट जानकारी प्राप्त भएको छ । खासगरी हिमाली क्षेत्रमा हवाई मार्गबाट न्यानो आढ्ने ओछ्याउने लत्ताकपडा समेतका सामग्री तत्काल उपलब्ध गराउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । भूकम्प प्रभावित व्यक्तिहरु न्यानो लत्ताकपडा लिनको लागि बजारसम्म जान नसक्ने अवस्थामा रहेका छन् । इन्धन अभावले बजारमा ती सामग्रीको अभावको स्थिति छ ।

आयोगको अनुगमनका क्रममा अधिकांश गाबिसका भूकम्प पीडितहरुले सरकारद्वारा वितरित रु.१५ हजार रकम प्राप्त गरिसकेको पाइएतापनि सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, दोलखा र ललितपुर जिल्लाका केही गाबिसहरुमा अझै पनि उक्त रकम वितरण हुन नसकेको पाइएको छ । सरकारद्वारा भूकम्प पीडितलाई न्यानो कपडा किन्नको लागि रु. १० हजार रकम गाविस मार्फत वितरण प्रक्रिया अगाडि बढाइएको भनिए पनि कतिपय गाबिसमा सचिवको अभाव र कार्यबोझ आदिका कारण तथ्याङ्क सत्यतामा शंका एवं स्थानीय विवाद समेतका कारणबाट अधिकांश पीडितहरुले उक्त रकम अझै प्राप्त गर्न नसकेको आयोगको अनुगमनबाट पाइएको छ ।

अनुगमनका क्रममा काठमाडौंको चुच्चेपाटी, रसुवाको नौबिसे-लहरेपौवा, नुवाकोटको इन्द्रायणीचौर, भक्तपुरको सानोठिमी, चाँगु, भेलुखेल, सानो व्यासी, भक्तपुर नगरपालिका लगायतका शिविरहरु व्यवस्थित हुन नसक्दा पानी, शौचालय तथा महिलाहरुको सुरक्षा लगायत लैङ्गिक समस्या रहेको पाइएको छ ।

क्षतिग्रस्त भवनको पुनर्निर्माणसम्वन्धी मापदण्डका सम्बन्धमा स्थानीय स्तरमा जानकारी हुन नसक्दा भूकम्प पीडितहरु व्यवस्थित आवासको अधिकारबाट वञ्चित रहेका छन् । चिसोका कारण अस्थायी सिकाई केन्द्रमा पढिरहेका बालबालिकाको अवस्था अत्यन्तै नाजुक रहेको अनुगमनका क्रममा पाइएको छ । स्वास्थ्य केन्द्रहरुमा औषधि र स्वास्थकर्मीको अभावले भूकम्प पीडितहरु आधारभूत स्वास्थ्य सेवाको हकबाट वञ्चित रहेका छन् ।

भूकम्प पीडितलाई वितरण गरिने राहत र सहयोगका कार्यकमहरुमा आवश्यक सहयोग पुऱ्याउन आयोग नागरिक समाज, राजनीतिक दल तथा सम्बद्ध सबै निकायलाई आग्रह गर्दछ । अनुगमनमा आयोगका सदस्य प्रकाश वस्ती तथा उच्च अधिकृतहरुको सहभागिता रहेको थियो ।

वेदप्रसाद भट्टराई

का.मु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal